# कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-१, आ.व.२०८१/८२ २०८१ चैत्र (अतिरिक्ताङ्क)

## सारांश


कोशी प्रदेश सरकारको चालु आ.व.२०८१/८२ को **चैत्र मसान्तसम्मको** समग्र आय-व्ययको विवरण समावेश गरी यो अंकको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ। गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८१/८२ को चैत्र महिनासम्म प्रदेशको कुल खर्चमा ६.१ प्रतिशतले वृद्धि भएको छ। बचत संघ अनुदान फिर्ता रकम गत आ.व.को भन्दा वृद्धि भएकोले चालु खर्च बढी देखिएको छ। गत वर्षको तुलनामा संघबाट प्रदेशलाई प्राप्त हुने सशर्त र समपूरक अनुदानमा कमी भएको छ, भने राजस्व सङ्कलनमा केही वृद्धि भएको छ।

## कोशी प्रदेशको सरकारी खर्च

१. चालु आ.व.२०८१/८२ को **चैत्र महिनासम्म** वार्षिक विनियोजनको तुलनामा कुल खर्च, चालु खर्च र पूँजीगत खर्चको प्रगति प्रतिशत देहाय अनुसार रहेको छः-

| कुल खर्च | चालु खर्च | पूँजीगत खर्च |
|---|---|---|
| ४१.१% | ४५.७% | ३२.५% |

चार्ट (क)- तीन आर्थिक वर्षको चैत्र मसान्तसम्मको खर्चको अवस्था (रकम रु.लाखमा)




*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

२. आर्थिक वर्ष २०८१/८२ को चैत्र महिनासम्म जम्मा रु.१४ अर्ब ४९ करोड ३० लाख खर्च भएको छ। कुल खर्च मध्ये पूँजीगत खर्च रु.५ अर्ब ६० करोड ९४ लाख र चालु खर्च रु.६ अर्ब ९ करोड २२ लाख रहेको छ।

**तालिका (क)- पछिल्लो तीनवर्षको चैत्र महिनासम्मको खर्चको तुलनात्मक स्थिति (रु.लाखमा)**

| बजेट शीर्षक | आ.व.२०७९/८० | | | आ.व.२०८०/८१ | | | चालु आ.व.२०८१/८२ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | प्रगति | बजेट | खर्च | प्रगति | बजेट | खर्च | प्रगति |
| चालु खर्च | १२९९७२ | ६०७१३ | ४६.७% | १२७२२५ | ५४७७३ | ४३.१% | १३३४२९ | ६०९२२ | ४५.७% |
| पूँजीगत खर्च | २३०६२६ | ८३८७९ | ३६.४% | २०४१२१ | ६०९१० | २९.८% | १७२७९३ | ५६०९४ | ३२.५% |
| वित्तीय व्य. | ० | ० | - | १०० | ० | - | २०० | ० | - |
| स्थानीय तह अनुदान | ३७४११ | २२१२४ | ५९.१% | ३६७४५ | २०९४८ | ५७.०% | ४६३७१ | २७९१४ | ६०.२% |
| कुल खर्च | ३९८००९ | १६६७१६ | ४१.९% | ३६८१९१ | १३६६३१ | ३७.१% | ३५२७९३ | १४४९३० | ४१.१% |

नोटः रकमान्तर तथा संघ सशर्त अनुदान थप भई चैत्रमसान्तसम्म कायम बजेट विनियोजनको रकम उल्लेख गरिएको छ।

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

३. चालु आ.व.२०८१/८२ को चैत्र महिनासम्मको कुल खर्चमध्ये सबैभन्दा बढी असोज महिनामा रु.२ अर्ब २९ करोड ५९ लाख खर्च भएको छ, भने सबै भन्दा कम भदौ महिनामा रु.७७ करोड २ लाख खर्च भएको छ।

**तालिका (ख) आ.व.२०८१/८२ चैत्रसम्मको मासिक खर्चको विवरण (रु.लाखमा)**

| महिना/शीर्षक | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह अनुदान | मासिक जम्मा | मासिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| **श्रावण** | १३९६४ | १४२ | | **१४१०६** | ९.७% |
| **भदौ** | ४०३४ | ३१०० | ५६८ | **७७०२** | ५.३% |
| **असोज** | ७१६५ | ७६८० | ८११४ | **२२९५९** | १५.८% |
| **कार्तिक** | ९९३८ | २३५० | २१९५ | **१४४८३** | १०.०% |
| **मंसीर** | ४५६८ | ४०९२ | २८७५ | **११५३५** | ८.०% |
| **पुष** | ५१७६ | ८२२१ | ३५०० | **१६८९७** | ११.७% |
| **माघ** | ४९१५ | ६५१८ | ११२३ | **१२५४६** | ८.७% |
| **फाल्गुन** | ५७६८ | १३०४९ | ४१२५ | **२२९४२** | १५.८% |
| **चैत्र** | ५३९४ | १०९४२ | ५४२४ | **२१७६०** | १५.०% |
| **चैत्रसम्मको जम्मा** | **६०९२२** | **५६०९४** | **२७९१४** | **१४४९३०** | **१००.०%** |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

## कोशी प्रदेशको राजस्व तथा अनुदान प्राप्ति

४. आ.व.२०८१/८२ चैत्र मसान्तसम्म संघीय राजस्व बाँडफाँट र आन्तरिक राजस्व समेत रु.११ अर्ब ११ करोड ५ लाख **(वार्षिक लक्ष्यको ६३.९%)** राजस्व सङ्कलन वा प्राप्ति भएको छ। यसैगरी संघ अनुदानको जम्मा रु.९ अर्ब १ करोड **(वार्षिक लक्ष्यको ६२%)** निकासा प्राप्त भएको छ। यस अवधिमा राजस्व र अनुदान गरी जम्मा रु.२० अर्ब १२ करोड ५ लाख रकम प्रदेश सञ्चित कोषमा प्राप्ति भएको छ।

### तालिका (ग)- तीन आ.व.को (चैत्र सम्मको) राजस्व तथा अनुदान प्राप्तिको विवरण (रु.लाखमा)

| आय शीर्षक | २०७९/८० चैत्रसम्मको प्राप्ति | २०८०/८१ चैत्रसम्मको प्राप्ति | चालु आ.व.२०८१/८२ | | | गत आ.व.को तुलनामा वृद्धि |
|---|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष्य | चैत्रसम्मको प्राप्ति | प्राप्ति प्रतिशत | |
| संघीय राजस्व बाँडफाँट (VAT, अन्तःशुल्क र रोयल्टी) | ६२०३९ | ७०००८ | १२४००८ | ७७७०८ | ६२.७% | ११.०% |
| प्रदेशको आन्तरिक राजस्व (स्थानीय तहबाट प्राप्त हुने समेत) | २५२७० | २६८१७ | ४९८०० | ३३३९७ | ६७.१% | २४.५% |
| संघ वित्तीय समानीकरण अनुदान | ६७५६१ | ४८९५४ | ८९४३२ | ६३५६८ | ७१.१% | २९.९% |
| सशर्त अनुदान | ४१६६८ | ३४७६२ | ४१६४३ | १७६३१ | ४२.३% | -४९.३% |
| समपूरक अनुदान | ६११८ | ४८१८ | ६५५० | ४३२३ | ६६.०% | -१०.३% |
| विशेष अनुदान | ३१५९ | ४०२६ | ७८०१ | ४५७८ | ५८.७% | १३.७% |
| **जम्मा** | **२०५८१५** | **१८९३८५** | **३१९२३४** | **२०१२०५** | **६३.०%** | **६.२%** |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

पुनश्चः नगद मौज्दात रु.३ अर्ब २५ करोड र वैदेशिक अनुदानको सोझै भुक्तानी रु.१० करोड ५९ लाख समेत गरी चालु आ.व.२०८१/८२ को कुल बजेट रु.३५ अर्ब २७ करोड ९३ लाख रहेको छ।

५. प्रदेशका निकायबाट सङ्कलन हुने र स्थानीय तहबाट बाँडफाट भई प्राप्त हुने समेत २०८१ चैत्र मसान्तसम्म प्रदेशको आन्तरिक राजस्व सङ्कलनको विवरण देहाय अनुसार रहेको छः-

### तालिका (घ)- आ.व.२०८१/८२ को चैत्रसम्म आन्तरिक राजस्व सङ्कलनको मासिक विवरण (रु.लाखमा)

| महिना/ शीर्षक | सवारी साधन कर | घरजग्गा रजिष्ट्रेशन शुल्क | अनुमतिपत्र, यातायात क्षेत्रको आम्दानी | व्यवसाय रजिष्ट्रेशन दस्तुर | अनुदान/निकासा फिर्ता, बेरुजु | *स्थानीय तहबाट प्राप्त | शुल्क/दस्तुर/ जरिवाना | जम्मा मासिक राजस्व |
|---|---|---|---|---|---|---|---|---|
| श्रावण | | | ५३९ | ९२ | ३२ | ७ | १६५ | ८३५ |
| भदौ | ११०७ | ४७ | ५१८ | १०२ | ४६ | १६ | १८५ | २०२१ |
| असोज | १०७१ | २४१९ | ४३२ | ६३ | २३९ | ५६ | १६२ | ४४४२ |
| कात्तिक | १०१८ | २८० | ४८९ | ३९ | १६६२ | २८ | ३०४ | ३८२० |
| मंसिर | १८९० | ४६१ | ५६९ | ७७ | ३८९ | २५७ | ३१२ | ३९५५ |
| पुष | १४५० | ८२१ | ६०६ | ७८ | ३०० | ५८० | ६६५ | ४५०० |
| माघ | १५५८ | १२४६ | ५७९ | ६३ | ८२४ | ४३४ | २९२ | ४९९६ |
| फाल्गुन | १२१० | ३ | ५५० | ७१ | २४३ | ५८ | ६७३ | २८०८ |
| चैत्र | ११९७ | ३०९२ | ११९२ | १५५ | १८१ | ६०३ | ४३५ | ६८५५ |
| **चैत्रसम्मको जम्मा** | **१०५०१** | **८३६९** | **४९३५** | **६४८** | **३८८४** | **२०३२** | **३०२८** | **३३३९७** |
| **वार्षिक लक्ष्य** | **१४१००** | **१४५००** | **९५००** | **९००** | **४९९०** | **३०७०** | **२७४०** | **४९८००** |
| चालु आ.व. चैत्र सम्मको प्रगति | ७४.५% | ५७.७% | ५१.९% | ७२.०% | ७७.८% | ६६.२% | ११०.५% | ६७.१% |
| गत आ.व. चैत्र सम्मको प्राप्ति | ९४०३ | ६७३३ | ४५३६ | ६०७ | २६३० | ९७० | १९३८ | २६८१७ |
| **वृद्धि प्रतिशत** | ११.७% | २४.३% | ८.८% | ६.८% | ४७.७% | १०९.५% | ५६.२% | २४.५% |


(*स्थानीय तहबाट प्राप्त राजस्वमा प्राकृतिक स्रोत विक्री शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

६. गत आ.व.२०८०/८१ को चैत्रसम्मको तुलनामा चालु आ.व.२०८१/८२ को चैत्रसम्म प्रदेशको आन्तरिक राजस्वमा २४.५ प्रतिशतले वृद्धि भएको छ। आन्तरिक राजस्व तर्फ सवारी साधन कर लगायतका सबै शीर्षकमा अघिल्लो वर्षको तुलनामा उल्लेख्य वृद्धि भएको छ। विविध खाता र धरौटी खातामा स्रोत तथा प्रयोजन नखुलेको मौज्दात रकमलाई राजस्व खातामा ट्रान्सफर गरिएको हुँदा विविध प्राप्ति (अनुदान/निकासा फिर्ता, बेरुजु र अन्य राजस्व) मा चालु आ.व.मा वृद्धि भएको देखिन्छ।

चार्ट (ख)- तीन आर्थिक वर्षको चैत्र महिनासम्मको आन्तरिक राजस्व सङ्कलनको अवस्था

(रकम रु.लाखमा)




(*स्थानीय तहबाट प्राप्त राजस्वमा प्राकृतिक स्रोत विक्री शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

सम्पादन तथा प्रकाशन

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

(वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक महाशाखा)

कोशी प्रदेश, विराटनगर

वेवसाइटः- moeap.koshi.gov.np इमेलः- info.moeap@p1.gov.np फोन नं.:- ०२१-५७४१६८